# स्थानीय बाल अधिकार समिति तथा वडा बाल अधिकार समिति सञ्चालन कार्यविधि - २०७९

नेपाल सरकार

**गजुरी गाउँपालिका**

**गजुरी धादि[a]**

गाउँ कार्यपालिकाद्वारा स्वीकृत मिति...............

**पृष्ठभूमि**

नेपालको सविधान २०७२ को मौलिक अधिकार अर्न्तगत धारा ३९ को बालबालिका सम्बन्धि हक र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले बाल संरक्षणलाई प्रमुख आधार बनाएको छ । बालबालिका सम्बन्धी ऐन २०७५ को प्रस्तावनामा नै "बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरि बालबालिकाको सर्वोतम् हित कायम गर्न बालबालिका सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न वान्छनीय भएकोले" भन्ने उल्लेख गरिएको छ । साथै, बालबालिका सम्बन्धी ऐन २०७५ को दफा १८ मा राज्यको दायित्व अर्न्तगत "विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरूको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ" भन्ने उल्लेख गरेकोले गजुरी गाउँपालिकाले सोको महसुस गरि यो कार्यविधि तयार गरेको हो । त्यसैगरी बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ७ को उपदफा १ देखि १० सम्म, दफा १२, दफा १७, दफा ५० देखि ५९, दफा ६० को उपदफा ३, दफा ६१, दफा ६२ र परिच्छेद ७ (बालबालिकाको अधिकार तथा निज प्रतिको दायित्वको संरक्षण र प्रचलन) अर्न्तगतको दफा ६४ र दफा ६५ बमोजिम दिएको अधिकारको संरक्षण गर्न यो कार्यविधिको आवश्यकता परेको हो । सामाजिक न्याय सुनिश्चित हुने र सभ्य समाज निर्माणको लागि बाल अधिकारको प्रवर्द्धन गर्न नेपालले बाल अधिकार महासन्धि, १९८९ र अन्य अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनलाई अनुमोदन गरेको छ । नेपालको संविधान, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय कानुनमा भएका बालअधिकारको संरक्षण र सम्बर्द्धन सम्बन्धी व्यवस्थाहरूको पूर्ण परिपालना र कार्यान्वयनमा बालबालिकाको उच्चतम हित हुने ठानी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि गजुरी गाउँपालिकाले **"स्थानीय बाल अधिकार समिति तथा वडा बाल अधिकार समिति सञ्चालन कार्यविधि -२०७९"** तर्जुमा गरी स्वीकृत गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम **"स्थानीय बालअधिकार समिति तथा वडा बाल अधिकार समिति सञ्चालन कार्यविधि २०७९"** रहनेछ ।

(ख) यो कार्यविधि गजुरी गाउँपालिकाबाट स्वीकृत गरी अधिकार प्राप्त अधिकारीले प्रमाणित गरेको मिति देखि लागू हुनेछ ।

(ग) यो कार्यविधिलाई नेपाल सरकार, प्रदेश सरकार र गजुरी गाउँपालिकाले बाल अधिकार सम्बन्धी

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

अर्को व्यवस्था नगरे सम्म कार्यान्वयन गरिनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागि निम्न परिभाषा कायम गरिएको छ :

(क) **"संविधान"** भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्दछ ।

(ख) **"स्थानीय सरकार सञ्चालन ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ ।

(ग) **"बालबालिका सम्बन्धी ऐन"** भन्नाले संघीय सरकारले जारी गरेको बालबालिका सम्बन्धी ऐन २०७५ लाई सम्झनु पर्दछ ।

(घ) **"कार्यविधि"** भन्नाले गजुरी गाउँपालिकाले जारी गरेको स्थानीय बालअधिकार समिति तथा वडा बाल अधिकार समिति सञ्चालन कार्यविधि २०७६ सम्झनु पर्दछ ।

(ङ) **"स्थानीय तह"** भन्नाले गजुरी गाउँपालिका तथा त्यस अन्तर्गत रहने वडा कार्यालय समेतलाई सम्झनु पर्दछ ।

(च) **"सेवा प्रदायक"** नेपाल सरकार अन्तर्गत स्थानीय तहमा सेवा प्रवाह गर्नको लागि ईकाइको रूपमा रहेका स्वास्थ्य, शिक्षा, महिला विकास, सामाजिक विकास, पशु सेवा, कृषि सेवा, प्रहरी चौकी तथा गैह्र सरकारी संघसंस्थालाई सम्झनु पर्दछ ।

(छ) **"बालबालिका"** भन्नाले १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तीहरूलाई सम्झनु पर्दछ ।

(ज) **"बाल समुह वा बाल क्लब"** भन्नाले स्थानीय तहमा सुचिकृत भएका १८ बर्ष भन्दा कम उमेरका बालबालिकाहरूको सँगठन वा समुहलाई जनाउदछ ।

(झ) **"बाल सञ्जाल"** भन्नाले टोल, वडा, पालिका स्तरमा बाल समुह वा बाल क्लबहरूको सञ्जाललाई सम्झनु पर्दछ ।

(ञ) **"सहयोगी संस्था"** भन्नाले स्थानीय तहमा बाल अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्नका लागि अनुमति प्राप्त गैरसरकारी संस्थाहरूलाई जनाउनेछ ।

(ट) **"पारा-सामाजिक कार्यकर्ता"** भन्नाले स्थानीय तहमा मामला व्यवस्थापनको माध्यमबाट बाल संरक्षणलाई प्रवर्द्धन तथा संरक्षण गर्नका लागि पालिकाद्वारा नियुक्त पारा-सामाजिक कार्यकर्ता जनाउनेछ ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

(ठ) **"स्थानीय बाल अधिकार समिति"** भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० ले दिएको अधिकार अनुसार यस गजुरी गाउँपालिकामा गठन गरिएको गाउँपालिका स्तरिय समितिलाई सम्झनु पर्दछ ।

(ड) **"वडा बाल अधिकार समिति"** भन्नाले यस कार्यविधि बमोजिम गठन भई वडा स्तरमा सञ्चालनमा रहेको समितिलाई सम्झनु पर्दछ ।

(ढ) **"बाल कल्याण अधिकारी"** भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६१ तथा यस कार्यविधि अनुसार तोकिएको वा नियुक्त गरिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ण) **"बालमैत्री स्थानीय शासन समिति"** भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधी २०६८ वा यसलाई प्रतिस्थापन गर्न बनेको संघीय वा प्रादेशिक वा स्थानीय कानून बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(त) **"बाल कोष"** भन्नाले गजुरी गाउँपालिकाले स्वीकृत गरेको बाल कोष सञ्चालन कार्यविधि २०७९ अनुरूप स्थापना गरी कार्यान्वयनमा रहेको कोषलाई जनाउदछ ।

**३. उद्धेश्य:**

(क) यस गजुरी गाउँपालिकामा रहेका बालबालिकाहरूको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपुर्ति गरि बालबालिकाको सर्वोतम् हित कायम गर्ने ।

(ख) बालबालिकाहरूको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउने ।

(ग) नेपालको संविधान, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय कानुनमा भएका बालअधिकारको संरक्षण र सम्बर्द्धन सम्बन्धी व्यवस्थाहरूको गजुरी गाउँपालिकामा पूर्ण परिपालना र कार्यान्वयनको लागि पहल गर्ने ।

(घ) गजुरी गाउँपालिकालाई बालमैत्री गाउँपालिका निर्माण गर्नको लागि बालमैत्री नीति, कार्यक्रम र क्रियाकलापहरूको निर्माण, कार्यान्वयन गर्ने ।

**४. स्थानीय बाल अधिकार समितिको गठन:**

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० को उपदफा २ अनुसार **"प्रत्येक स्थानीय तहमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उप-प्रमुखले तोकेको त्यस्तो कार्यपालिका वा नगरपालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बालअधिकार समिति रहनेछ"** भन्ने कुरा उल्लेख भए बमोजिम यस गजुरी गाउँपालिका पनि स्थानीय बाल अधिकार समिति

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गठन गरिनेछ । समिति गठन गर्दा तपसिल बमोजिमको प्रक्रियाहरू अपनाईनेछ ।

(क) गाउँपालिकाको आवश्यकताको आधारमा ५ दिन अगाडी प्रत्येक वडाका वडा अध्यक्षहरू, वडा स्तरिय बाल अधिकार समितिका संयोजक, कार्यपालिकाका सदस्यहरू, प्र. अ. हरू र वडा स्तरिय बालक्लब सञ्जालका अध्यक्ष र पालिका स्तरिय बाल क्लब सञ्जालका अध्यक्ष सहित एक जना बालिकालाई स्थानीय बाल अधिकार समिति गठन गर्ने सम्बन्धी विषय उल्लेख गरि पत्राचार गरिनेछ ।

(ख) उपस्थित भएका व्यक्तिहरूको उपस्थितिमा बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि यस कार्यविधिले तोके बमोजिमको स्थानीय बाल अधिकार समिति गठन गरिने छ ।

(ग) कार्यविधिले तोके बमोजिमको समिति गठन गर्नु पूर्व समिति गठन भएको भए यो कार्यविधि स्वीकृत भए पछि यस कार्यविधि अनुसारको स्थानीय बाल अधिकार समितिको गठन गरिनेछ ।

(घ) स्थानीय बाल अधिकार समितिका पदाधिकारीहरूले बालसंरक्षण सम्बन्धि आचारसंहितामा हस्ताक्षर गर्नेछन् र सो को पालनाको लागि बालसंरक्षण नीतिको एक-एक प्रति प्रदान गरिनेछ ।

**५ स्थानीय बाल अधिकार समितिको संरचना:**

(क) यस गजुरी गाउँपालिकामा गाउँपालिका स्तरिय स्थानीय बाल अधिकार समितिको संरचना तपसिल बमोजिमको १९ सदस्यीय समिति रहनेछ ।

- गाँउपालिका उपप्रमुख वा निजले तोकेको गाउँकार्यपालिकाको सदस्य...... संयोजक.... १ जना
- आठ (८) वटै वडा बाल अधिकार समितिका संयोजकहरू ................सदस्य ....... ९ जना
- पालिका स्तरिय बाल सञ्जालको संयोजक र अन्य सदस्य ............ सदस्य ...... २ जना
- गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख ...................................... सदस्य ........ १ जना
- गाउँपालिकाको शिक्षा शाखा प्रमुख ..................................... सदस्य ....... १ जना
- गाउँपालिकाको केन्द्रमा रहेको प्रहरी चौकी प्रमुख ....... ............... सदस्य ........ १ जना
- गाउँपालिकाको सामाजिक शाखा प्रमुख ................................ सदस्य ........... १ जना
- बालबालिका सम्बन्धी कार्य गर्ने गैह्र सरकारी सँस्थाहरू मध्येबाट ....... सदस्य ....१ जना
- गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत ......................... सदस्य ........... १ जना
- बाल कल्याण अधिकारी ................................................ सदस्य सचिव ..... १ जना

गणेशलाल श्रेष्ठ
अध्यक्ष

(ख) आवश्यकता अनुसार विकासका साझेदार संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा सहभागी गराउन सकिनेछ ।

(ग) तोकिएको संरचना अनुसारका व्यक्तिहरूको उपलब्ध नभएमा समितिको निर्णयले बाल अधिकारको निम्ति कार्य गर्न सक्ने अन्य कुनै व्यक्तिको चयन गर्न सक्ने छ ।

(घ) समितिको पुनर्गठन गर्दा तोकिएको प्रक्रिया अनुसार प्रत्येक ५ वर्षमा वा आवश्यकता अनुसार गर्न सकिनेछ ।

**६. समितिको काम, कर्तव्य र अधिकार:**

स्थानीय बालअधिकार समितिले बालबालिका सम्बन्धी ऐन २०७५ मा उल्लेखित बाल संरक्षणका सवालहरू र बालबालिका सम्बन्धी ऐन २०७५ ले प्रदान गरेका अन्य अधिकार र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा बाल अधिकार सम्बन्धी प्रदान गरेको अधिकार सहित तपसिल बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ ।

(क) **तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने:** गजुरी गाउँपालिका भित्रका विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाहरूका तथ्याङ्क संकलन गर्ने र बार्षिक रूपमा अद्यावधिक गरी गाउँपालिकामा सम्प्रेषण गर्ने ।

(ख) **वार्षिक योजना तर्जुमा र कार्यन्वयन गर्ने** : बालबालिकाको क्षेत्रमा आवश्यकता पहिचान गरी बिभिन्न सरकारी तथा गैरसरकारी निकायहरूको समन्वयमा समुदायमा आधारित वार्षिक योजना निर्माण गरी कार्यन्वयन गराउनका लागि आवश्यक समन्वय र सहकार्य गर्ने । कार्य योजना तयार गर्दा जोखिममा रहेका बालबालिकालाई लक्षित र लाभान्वित हुने क्रियाकलाप, सचेतना मूलक क्रियाकलाप, क्षमता विकास र आकस्मिक सहयोगका क्रियाकलाप लगायत बालबालिकाको समग्र संरक्षण र सहभागिताको अधिकार सुनिश्चित हुने किसिमका योजनाहरू तयार गर्ने ।

(ग) **समन्वय र सहकार्य गर्ने:** गजुरी गाउँपालिकामा कार्यरत सरकारी, गैर सरकारी निकाय एवं नीजि क्षेत्रहरू, संघसंस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गरी जसवाट जोखिममा रहेका बालवालिकालाई आवश्यक सहयोग पुर्‍याउन र उनीहरूको संरक्षणको अधिकार सुनिश्चित गर्न सहयोग पुर्‍याउने ।

(घ) **सचेतना जगाउँने:** बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हेला र शोषण अन्त्य गर्न तथा उनीहरूका लागि समुदाय, विद्यालय र परिवारमा सुरक्षित र संरक्षित वातावरण सृजना गर्न

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

सहयोग पुग्ने किसिमका सचेनता मुलक कार्यक्रम सञ्चालन गर्ने । जस्तै : सकारात्मक अभिभावकत्व, बालविवाह न्युनिकरण, जन्म दर्ता, विद्यालय भर्ना, पूर्ण खोप, दण्डरहित शिक्षण, बालसहभागिता, बालमैत्री व्यवहार, बालश्रम जस्ता विषयमा अर्न्तक्रिया, रेडियो कार्यक्रम, सार्वज्रनिक सुनुवाई, अर्न्तसंवाद आदि क्रियाकलापको माध्यमबाट सचेतना जगाउँने ।

(ङ) **श्रोत नक्शांकन र सिफारिस संयन्त्रको स्थापना गर्नेः** सरकारी, गैर सरकारी र नीजि क्षेत्रवाट बालबालिकाहरू र तिनिहरूका परिवार लक्षित सेवाहरूको नक्शांकन गरी आवश्यक रोष्टर तयार गर्ने । उल्लेखित उपलव्ध सेवाहरू जोखिममा रहेका बालबालिकाको समस्या समाधानमा केन्द्रित गर्न पालिका स्तरिय सिफारिस संयन्त्र स्थापना गरी सक्रीय वनाउने ।

(च) **बालबालिका सम्वन्धी नीति तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयनका लागि पैरवी गर्ने** : बालअधिकारको संरक्षण र प्रर्बद्धनका लागि बिभिन्न सवालहरूमा आधारित आवश्यक नीति, कार्यक्रमहरूको निर्माण एवं पैरवी गर्ने साथै गाउँ कार्य पालिकालाई सिफारिस गर्ने ।

(छ) **बाल कोषको स्थापना गर्ने** : विभिन्न निकायहरूसँग समन्वय र सहकार्य गरी आपतकालिन बालबालिका, बालविवाह, यौन दुर्व्यहार, हेला, शोषण अपहेलना र अन्य कारणले जोखिममा परेका बालबलिकाहरूको तत्काल उद्दार तथा सहयोग गर्नको लागि पालिका स्तरमा एक बाल कोषको स्थापना तथा सञ्चालन गर्ने ।

(ज) **अनुगमन र समिक्षा गर्नेः** बालबालिकाहरूका लागि पालिका स्तरमा सम्पन्न क्रियाकलाप र सहयोगले उनीहरूको अवस्थामा आएको परिवर्तन, परेको प्रभाव आदि अनुगमन र समिक्षा गर्ने । कार्यक्रमको अनुगमन र समिक्षा आवधिकरूपमा, त्रैमासिक, अर्धबार्षिक र बार्षिकरूपमा गर्ने र वडा बाल अधिकार समितिलाई आवश्यक सल्लाह सुझाव तथा निर्देशनहरू दिने ।

(झ) **बाल बालिका सम्बन्धी स्थिति पत्र तथा बजेट विश्लेषण प्रकाशन गर्ने** : गजुरी गाउँपालिकामा रहेका बालबालिकाहरूको तथ्यांक अध्यावधिक गरि प्रत्येक वर्ष बालबालिकाको स्थिति पत्र तथा गजुरी गाउँपालकाले बालबालिकाको क्षेत्रमा विनियोजित बजेट र कार्यान्वयनको अवस्थालाई आधार बनाएर बजेट विश्लेषण प्रकाशन गर्ने ।

(ञ) **पारा सामाजिक कार्यकताको व्यवस्था गर्ने** : आवश्यकता अनुसार पालिकाले जोखिममा रहेका बालबालिकाहरूको घटना (मामला) व्यवस्थापनको लागि पारा सामाजिक कार्यकर्ताको व्यवस्था गर्ने र पारा सामाजिक कार्यकर्ताको काम, कर्तव्य र पारिश्रमिक गाउँपालिकाले तोके बमोजिम गर्ने ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

(ट) **प्रगति समिक्षा गर्ने** : आवश्यकता अनुसार पालिकाले प्रत्येक वडाहरूमा भए गरेका क्रियाकलापहरूको समिक्षा गर्नको लागि प्रगति समिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ठ) **बालबालिकाको उद्धार तथा पुर्न स्थापना:** जोखिम अवस्थामा रहेका वा भेटिएका वा सुचना प्राप्त बालबालिकाको सर्वोतम हितलाई ध्यानमा राखि प्रहरी प्रशासन तथा वडा बाल अधिकार समितिको सहयोगमा उद्धार पुर्न स्थापना तथा सहयोग सञ्चालन गर्ने ।

**७. स्थानीय बाल अधिकार समितिको वैठक:**

(क) समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा सदस्य सचिवले आवश्यकता अनुसार बोलाउनेछ ।

(ख) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थीतिमा जेष्ठ सदस्य वा उपस्थित सदस्यको सामुहिक निर्णयले अध्यक्षताको जिम्मेवारी वहन गर्नेछ ।

(ग) निर्णय गर्दा सहमतिका आधारमा निर्णय गरिनेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(घ) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक राख्नेछ ।

(ङ) स्थानीय बाल अधिकार समितिमा तत्काल कायम रहेका सदस्य सख्याको पचास प्रतिशन भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(च) स्थानीय बाल अधिकार समितिको सम्पर्क कार्यालय गाउँपालिकाले उपलब्ध गराएको स्थानमा रहनेछ ।

**८ वडा बाल अधिकार समितिको गठन**

(क) वडा बाल अधिकार समिति गठन गर्दा वडाको आवश्यकताको आधारमा यस कार्यविधिले तोके अनुसार वडा बाल अधिकार समिति गठन गरिनेछ ।

(ख) वडा बाल अधिकार समिति गठन गर्दा निवार्चित वडा प्रतिनिधिहरू, बाल क्लब प्रतिनिधि, वडामा बाल अधिकार सम्बन्धी काम गर्ने संघ सस्थाका प्रतिनिधि, महिला स्वास्थ्य स्वयम् सेविका वा स्वास्थ्य इन्चार्ज, प्रअहरू तथा अन्य शिक्षकहरू र वडा सचिवको भेला गराई यस कार्यविधिले तोके बमोजिमको वडा बाल अधिकार समिति गठन गरिने छ ।

(ग) वडा बाल अधिकार समितिका पदाधिकारीहरूले बाल संरक्षण सम्बन्धि आचारसंहितामा हस्ताक्षर गर्नेछन र सोको पालनाको लागि बालसंरक्षण नीतिको एक एक प्रति प्रदान गरिनेछ ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

**९. वडा बाल अधिकार समितिको संरचना :**

(क) वडा बाल अधिकार समितिको संरचना तपसिल बमोजिमको हुनेछ ।

- वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य ........... संयोजक ...... १ जना
- शिक्षक वा प्रअ बाट ..................................सदस्य ....... १ जना
- महिला स्वास्थ्य स्वयम् सेविका वा स्वास्थ्य प्रतिनिधिबाट .......... सदस्य ........ १ जना
- बाल अधिकार कर्मी /नागरिक समाजका प्रतिनिधिबाट ... सदस्य ...... १ जना
- वडा स्तरिय बाल सञ्जालको अध्यक्ष सहित एक बालिकाबाट........ सदस्य ..........२ जना
- आदिबासी, जनजाति, मधेसी, अल्पसंख्यक, दलित, अपांगता भएको व्यक्ति तथा पिछडिएका बर्ग र समुदायको प्रतिनिधित्व हुने गरी ..................... ....... सदस्य ........ २ जना
- वडा सचिवको रूपमा कार्यरत कर्मचारी .... सदस्य सचिव .... १ जना

(ख) आवश्यकता अनुसार विकासका साझेदार संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा सहभागी गराउन सकिनेछ ।

(ग) तोकिएको संरचना अनुसारका व्यक्तिहरूको उपलब्ध नभएमा समितिको निर्णयले बाल अधिकारको निम्ति कार्यगर्न सक्ने अन्य कुनै व्यक्तिको छनौट गर्न सक्ने छ ।

(घ) समितिको पुनर्गठन गर्दा तोकिएको प्रक्रिया अनुसार प्रत्येक ५ बर्ष वा आवश्यकता अनुसार गर्न सकिने छ ।

**१०. वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार:**

वडा बाल अधिकार समितिले बालबालिका सम्बन्धी ऐन २०७५मा उल्लेखित बाल संरक्षणका सवालहरू र बाल बालिका सम्बन्धी ऐन २०७५ ले प्रदान गरेका अन्य अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा वडाले बाल अधिकार सम्बन्धी प्रदान गरेको अधिकार सहित तपसिल बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ ।

(क) **तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने:** वडा भित्रका बिशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाहरूको तथ्याङ्क संकलन गर्ने र वार्षिक रूपमा अद्यावधिक गरी स्थानीय बाल अधिकार समितिमा सम्प्रेषण गर्ने ।

(ख). **वार्षिक योजना तर्जुमा र कार्यन्वयन गर्ने :** वडा भित्रका बालबालिकाको आवश्यकता पहिचान गरी विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूको समन्वयमा वार्षिक योजना निर्माण तथा कार्यान्वयन गर्ने गराउने ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

(ग) **समन्वय र सहकार्य गर्ने:** वडामा कार्यरत सरकारी तथा गैर सरकारी संस्था, नीजि क्षेत्र, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, समूह, सञ्जाल, समिति, स्थानीय बाल अधिकार समिति जस्ता विभिन्न निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने र जोखिममा रहेका बालवालिकालाई आवश्यक सहयोग पुऱ्याउन र उनीहरूको संरक्षणको अधिकार सुनिश्चित गर्न सहयोग गर्ने ।

(घ) **सचेतना जगाउँने:** आफ्नो वडाहरूमा बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हेला र शोषण अन्त्य गर्न तथा उनीहरूका लागि समुदाय, विद्यालय र परिवारमा सुरक्षित र संरक्षित वातावरण सिर्जना गर्न सहयोग पुग्ने किसिमका सचेनतामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(ङ) **श्रोत नक्सांकन र सिफारिस संयन्त्रको स्थापना गर्ने:** वडामा सरकारी, गैर सरकारी र नीजि क्षेत्रबाट बालबालिका तथ उनीहरूका परिवार लक्षित सेवाहरूको नक्शांकन गरी आवश्यक कार्यसुची तयार गर्ने । उल्लेखित उपलब्ध सेवाहरू जोखिममा रहेका बालबालिकाको समस्या समाधानमा केन्द्रित गर्न वडा स्तरीय सिफारिस संयन्त्र स्थापना गरी सक्रिय बनाउने ।

(च) **बालबालिका सम्वन्धी नीति तर्जुमा एवं कार्यान्वयनका लागि पैरवी गर्ने** : बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनको लागि वडा तथा पालिका स्तरमा पैरवी गर्ने ।

(छ) **बाल कोषको स्थापना गर्ने** : विभिन्न निकायहरूसँग समन्वय र सहकार्य गरी आपतकालिन बालबालिका, बालविवाह, यौन दुर्व्यहार, हेला, शोषण, अपहेलना र अन्य कारणले जोखिममा परेका बालबलिकाहरूको तत्काल उद्दार तथा सहयोग गर्नको लागि वडा स्तरमा एक बाल कोषको स्थापना तथा सञ्चालन गर्ने ।

(ज) **अनुगमन र समिक्षा गर्ने:** बालबालिकाहरूका लागि वडास्तरमा सम्पन्न क्रियाकलाप र सहयोगले बालबालिकाको अवस्थामा आएको परिवर्तन, परेको प्रभाव आदि अनुगमन र समिक्षा गर्ने । कार्यक्रमको अनुगमन र समिक्षा आवधिक रूपमा, त्रैमासिक, अर्धबार्षिक र बार्षिकरूपमा गर्ने ।

(झ) **प्रगति प्रतिवेदन पेश गर्नु पर्ने:** वडामा बालबालिका सम्वन्धी गरेका क्रियाकलापहरूको सम्पन्न प्रतिवेदन तयार गरी वडा स्तरका सरोकारवालाहरूसँग अर्धबार्षिक रूपमा सार्वजनिकरण गर्ने र सो प्रतिवेदन स्थानीय बाल अधिकार समितिमा पेश गर्ने ।

(ञ) गाउँपालिका, पालिका स्तरिय बाल अधिकार समिति, वडा कार्यालयले दिएको निर्देशनको पालना गर्ने ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

(ट) **पारा-सामाजिक कार्यकताको परिचालन गर्ने:** आफ्नो वडामा बालबालिकाहरूको घटना ( मामला) व्यवस्थापनको लागि पारा-सामाजिक कार्यकर्ताको परिचालन गर्ने ।

(ठ) **बाल क्लब र बाल क्लब सञ्जालको गठन परिचालन आवद्धता गर्ने :** बाल क्लबहरूको गठन, क्षमता विकास र परिचालन तथा आवद्धता गर्ने गराउने । बाल क्लब गठन तथा सहजिकरण को लागि बाल क्लब गठन तथा सहजिकरण निर्देशिका २०७४बमोजिम हुनेछ ।

**११. वडा बाल अधिकार समितिको वैठक:**

(क) वडा बाल अधिकार समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा सदस्य सचिवले आवश्यकता अनुसार बोलाउनेछ ।

(ख) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा जेष्ठ सदस्य वा उपस्थित सदस्यको सामुहिक निर्णयले अध्यक्षताको जिम्मेवारी वहन गर्नेछ ।

(ग) निर्णय गर्दा सहमतिका आधारमा निर्णय गरिनेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(घ) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक राख्नेछ ।

(ङ) वडा बाल अधिकार समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(च) वडा बाल अधिकार समितिको सम्पर्क कार्यालय वडा कार्यालयले उपलब्ध गराएको स्थानमा रहनेछ ।

**१२ बालकोषको व्यवस्था:**

विभिन्न निकायहरूसँग समन्वय र सहकार्य गरी आपतकालिन बालबालिका, बालविवाह, यौन दुर्व्यहार, हेला, शोषण, अपहेलना र अन्य कारणले जोखिममा परेका बालबलिकाहरूको तत्काल उद्दार तथा सहयोग गर्नको लागि पालिका तथा वडा स्तरमा एक-एक बाल कोषको स्थापना गरिनेछ । बालकोषको सञ्चालन बालकोष सञ्चालन कार्यविधि २०७६ अनुसार हुनेछ ।

**१३ बाल कल्याण अधिकारीको व्यवस्था:**

(क) यस गजुरी गाउँपालिकाले बाल अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्नको लागि बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६१ अनुसार एक जना बाल कल्याण अधिकारीको व्यवस्था गर्नेछ । बाल कल्याण अधिकारीको सेवा सुविधाका तथा काम कर्तव्य र अधिकार यस कार्यविधिले तोके अनुसार हुनेछ । बाल कल्याण अधिकारी नियुक्ति नभएसम्मको लागि गाउँपालिकाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको शाखा प्रमुखले बाल कल्याण अधिकारीको रुपमा समेत कामकाज गर्न सक्नेछ ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

(ख) बाल कल्याण अधिकारी नियुक्त गर्दा नेपाल सरकारको अधिकृत स्तरको कर्मचारी सरहको रहने र नेपाल सरकारको अधिकृत स्तरको सेवा सुविधाहरू उपलब्ध गराइनेछ ।

**१४ बाल कल्याण अधिकारीको काम कर्तव्य र अधिकार:**

(क) **निर्णय कायान्वयन गर्ने गराउने:** स्थानीय बाल अधिकार समितिको निर्णय एवं निर्देशनहरूको व्यवस्थापन तथा  कार्यान्वयन गर्ने गराउने ।

(ख) **वार्षिक योजना तर्जुमा र कार्यन्वयन गर्ने:** स्थानीय सरकारबाट स्वीकृत नीति र योजना अनुरूप स्थानीय समितिको वार्षिक योजना र कार्यक्रम, बजेट तर्जुमा, कार्यान्वयन तथा प्रतिवेदन तयार गरी समितिको बैठकमा पेश गर्ने ।

(ग) **समन्वय र सहकार्य गर्ने:** पालिका तथा वडामा कार्यरत सरकारी तथा गैर-सरकारी सस्था, नीजि क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरि बालबालिकाको क्षेत्रमा लगानी बढाउन सहयोग गर्ने ।

(घ) जोखिममा रहेका बालवालिकाहरूको तथ्यांक संकलन, व्यवस्थापन तथा सहयोगको लागि स्थानीय बाल अधिकार समिति तथा वडा बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने ।

(ङ) **सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने:** पालिका तथा वडाहरूमा बालबालिकामाथि हुने हिंसा, दुर्व्यव्हार, हेला र शोषण अन्त्य गर्न तथा उनीहरूका लागि समुदाय, विद्यालय र परिवारमा सुरक्षित र संरक्षित वातावरण सिर्जना गर्न सहयोग पुग्ने किसिमका सचेनतामूलक कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(च) गाउँपालिका तथा वडाहरूमा कार्यरत सरकारी, गैर-सरकारी र नीजि क्षेत्रवाट बालबालिका तथा उनीहरूका परिवार लक्षित सेवाहरूको नक्सांकन गरी आवश्यक कार्यसुची तयार गर्ने । उल्लेखित उपलब्ध सेवाहरू जोखिममा रहेका बालबालिकाको समस्या समाधानमा केन्द्रित गर्न सिफारिस संयन्त्र स्थापना गरी सक्रिय बनाउने ।

(छ) बालअधिकारको संरक्षण र प्रर्बद्धनका लागि आवश्यक नीति तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनको लागि वडा तथा पालिका स्तरमा पैरवी गर्ने ।

(ज) पालिका तथा वडा स्तरमा स्थापना भएको बाल कोषको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने गराउने ।

(झ) बालबालिकाहरूका लागि पालिका तथा वडास्तरमा सम्पन्न क्रियाकलाप र सहयोगले बालबालिकाको अवस्थामा आएको परिवर्तन, परेको प्रभाव आदि अनुगमन र समिक्षा  गर्ने ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

कार्यक्रमको अनुगमन र समिक्षा आवधिक रूपमा, त्रैमासिक, अर्धबार्षिक र बार्षिक रूपमा गर्ने र सो को प्रतिवेदन स्थानीय बाल अधिकार समितिमा पेश गर्ने ।

(ञ) **बालबालिका सम्बन्धी स्थिति-पत्र तथा बजेट विश्लेषण प्रकाशन गर्नेः** गजुरी गाउँपालिकामा रहेका बालबालिकाहरूको तथ्यांक अध्यावधिक गरि प्रत्येक वर्ष बालबालिकाको स्थिति पत्र तथा गजुरी गाउँपालिकाले बालबालिकाको क्षेत्रमा विनियोजित बजेट र कार्यान्वयनको अवस्थालाई आधार बनाएर बजेट विश्लेषण स्थानीय बाल अधिकार समितिको स्वीकृतिले प्रकाशन गर्ने । प्रकाशित प्रतिवेदन प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषदमा पेश गर्ने ।

(ट) आन्तरिक धर्म पुत्र लिने दिने व्यक्तिलाई स्थानीय बाल अधिकार समितिमा सुचिकृत गर्ने र लिखत तयार गर्ने ।

(ठ) आन्तरिक धर्मपुत्र धर्मपुत्री, संरक्षक नियुक्त तथा तोक्ने कार्यमा सम्बन्धित निकायलाई सहयोग तथा सहजिकरण गर्ने ।

(ड) स्थानीय तहमा नियुक्त तथा परिचालिन पारा-सामाजिक कार्यकर्ता, समाजसेवी तथा मनोविज्ञलाई परिचालन गर्ने ।

(ढ) स्थानीय तह भित्र सञ्चालनमा रहेका बाल गृह, बाल सुधार गृह, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण केन्द्र, निगरानी कक्ष जस्ता आवासीय संरक्षण गृहहरूको अनुगमन तथा निरिक्षण गर्ने, निर्देशन दिने तथा पृष्ठपोषण गर्ने वा बन्द गर्न आवश्यक भएमा सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ण) बाल क्लब र बाल क्लब सञ्जालको गठन, परिचालन तथा आबद्धता गर्नेः बाल क्लबहरूको गठन, क्षमता विकास र परिचालन तथा आवद्धता गर्ने गराउने ।

(त) गाउँपालिका, पालिका स्तरिय बाल अधिकार समितिले दिएको थप काम तथा निर्देशनको पालना गर्ने ।

(थ) बालबालिका बेवारिसे अवस्थामा फेला परेमा वा त्यस्तो बालबालिकालाई बुझाउन ल्याएमा बालकको यथासम्भव तीन पुस्ते पत्ता लगाउने र आवश्यक संरक्षणको लागि बालबालिका सम्बन्धी ऐन २०७५ को मातहतमा रहि संरक्षण गर्ने ।

### १५ बैठक खर्च, आर्थिक प्रतिवेदन र लेखापरीक्षण

(क) बैठक व्यवस्थापन खर्च गजुरी गाउँपालिकाले व्यवस्थापन गरे बमोजिमको हुनेछ । बैठक सञ्चालन गर्नको लागि पालिका तथा वडामा कार्यरत गैह्रसरकारी सस्थाहरूको साझेदारीमा

गणेशलाल श्रेष्ठ
अध्यक्ष

गणेशलाल श्रेष्ठ
अध्यक्ष

समेत व्यवस्थापन गर्न सकिनेछ ।

(ख) बालबालिका सम्बन्धी गरेका क्रियाकलापहरूको सम्पन्न प्रतिवेदन तयार गरी सरोकारवालाहरूसँग बार्षिक रूपमा सार्वजनिकरण गर्ने र सो प्रतिवेदन गाउँपालिकामा पेश गरिनेछ । साथै गाउँपालिकाले दिएको निर्देशनको पालना गरिनेछ ।

(ग) गाउँपालिकाले नियुक्त गरेको लेखापरिक्षकबाट प्रत्येक वर्ष आय-व्ययको विवरणको लेखापरिक्षण गराउनुपर्नेछ ।

**१६ समन्वय र सहयोग**

(क) बाल अधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनको क्षेत्रमा काम गर्ने स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका विकासका साझेदार संस्थासँग साझेदारी र समन्वयमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ख) आवश्यकतामा आधारित कार्यक्रम निर्माण, कार्यान्वयन गर्न गराउन अन्य निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

(ग) कार्यक्रमबाट उपलब्ध हुने सूचनालाई सवै सरोकारवालाको सहयोग लिएर व्यापकता प्रदान गरिनेछ ।

**१७ कार्यविधिको व्याख्या तथा संशोधन तथा बचाउ**

यस कार्यविधिको व्याख्या तथा संशोधन गाउँ कार्यपालिकाको बैठकले आवश्यकता अनुसार गर्न सक्नेछ । कार्यविधिमा उल्लेख भएका विषयहरू नेपाल सरकारको प्रचलित कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**१८ स्थानीय बाल अधिकार समिति र वडा वाल अधिकार समिति खारेज हुन सक्ने अवस्था**

नेपाल सरकार, प्रदेश सरकार र गजुरी गाउँपालिकाले प्रर्याप्त कारण सहित आवश्यकता नरहेको देखिएमा गजुरी गाउँपालिकाले खारेज गर्न सकिनेछ ।

गणेशलाल श्रेष्ठ
अध्यक्ष

**धन्यवाद**